# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, चैत ४ गते २०५३ साल (संख्या ४८


## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी मूल्य अभिवृद्धि कर कार्यालय, पोखराका प्रमुख कर अधिकृत श्री नवराज भण्डारीलाई राजश्व न्यायाधिकरण, पोखराको राजश्व सदस्य पदमा तोकेको छ ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को अनुसूची २ को खण्ड (ख) क्रमसंख्या ३ को प्रयोजनको लागि सुरक्षा गार्ड (रा. प. अ. प्रथम श्रेणी) पदको न्यूनतम योग्यता एस. एल. सी. उत्तीर्ण गरी शाही नेपाली सेनामा वा नेपाल प्रहरी सेवामा कम्तीमा रा. प. अ. द्वितीय श्रेणी सरहको पदमा ३ वर्ष काम गरेको अनुभव तोकेको छ ।

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको सचिव

~~९०६~~ ९००६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

## सूचना १

आर्थिक ऐन, २०५३ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मदिराबाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिने मिथिलेटेड स्पिरिट, डिनेचर्ड स्पिरिट र इथायल अल्कोहलमा हाल लागिरहेको अन्तःशुल्कको दरमा दुई तिहाई छूट दिई प्रतिलिटर अन्तःशुल्क दर रू.५।– कायम गरी साबिकमा बिक्रीकरमा दिंदै आएको दुई-तिहाई छूट खारेज गर्ने निर्णय गरेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

आर्थिक ऐन, २०५३ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी इन्टरनेशनल फेडरेशन अफ आई बैंक अमेरिकाबाट तिलगंगा आँखा केन्द्र, आँखा बैंकलाई निःशुल्क उपलब्ध हुने आँखाको नानीमा आर्थिक ऐन, २०५३ बमोजिम लाग्ने भन्सार महसुल र बिक्रीकर पूर्ण रूपमा छूट दिने श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक ऐन, २०५३ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी दाना उद्योगले आयात गर्ने फिन्ड सप्लीमेण्ट उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं रासायनिक पदार्थहरूमा पशु सेवा विभागको सिफारिसमा १ प्रतिशत मात्रभन्सार महसुल लिई बिक्रीकर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव

१००८
९०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

### सूचना १

नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ८ को उपदफा ८.३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल खानेपानी संस्थानको संचालक समितिमा देहायका सदस्यहरू राखी थपघट तथा हेरफेर गरेको छ।

| | |
|---|---|
| १. श्री मिनबहादुर कार्की | अध्यक्ष |
| २. श्री शान्तभक्त माथेमा, प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय (रा.प.प्र. श्रेणी) | सदस्य |
| ३. प्रतिनिधि, अर्थ मन्त्रालय (रा.प.प्र. श्रेणी) | " |
| ४. प्रतिनिधि, स्वास्थ्य मन्त्रालय (रा.प.प्र. श्रेणी, जनस्वास्थ्यसम्बन्धी) | " |
| ५. प्रमुख, काठमाडौं महानगरपालिका | " |
| ६. प्रमुख, वीरगञ्ज नगरपालिका | " |
| ७. श्री सिद्धान्तराज जोशी (उपभोक्ताहरूको हितको संरक्षणमा संलग्न उपभोक्ताहरूमध्येबाट) | " |
| ८. विषेशज्ञ, श्री दिनेशचन्द्र प्याकुरेल (खानेपानी गुणस्तरसम्बन्धी) | " |
| ९. प्रतिनिधि श्री कमल जोशी (पर्यावरणसंग सम्बन्धित गैरसरकारी संस्थान) | " |
| १०. प्रेमबहादुर अधिकारी, नवलपुर, सिन्धुपाल्चोक | " |
| ११. श्री शंकर सुवेदी | " |
| १२. लीला शर्मा | " |
| १३. श्री मिरा अर्याल | " |

### सूचना २

टिकापुर विकास समिति (गठन आदेश), २०२८ को दफा २ को उपदफा (२) को खण्ड (क१), खण्ड (ग) र खण्ड (छ) को प्रयोजनको लागि श्री ५ को सरकारले टिकापुर विकास समितिको उपाध्यक्ष, सदस्य र सदस्य-सचिवमा देहायबमोजिम तोकेको छ।

१. श्री देवेन्द्रबहादुर शाह, टिकापुर, कैलाली — उपाध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. श्री जंगबहादुर साउद, धर्नासिपुर गा. वि. स. सदस्य
३. श्री अम्बिकाप्रसाद उपाध्याय, धनगढी नगरपालिका ”
४. श्री मिनबहादुर रावल, टिकापुर नगरपालिका ”
५ श्री चन्द्रप्रकाश चौधरी, दुर्गौली गाउँ विकास समिति ”
६. श्री पूर्णबहादुर विष्ट, टिकापुर विकास समिति सदस्य-सचिव

आज्ञाले,
ठोकप्रसाद सिवाकोटी
उप-सचिव (कानून)

१०१०
८५०



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।